**सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पन्न गरिएका कामहरु ऐनको दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक निकायले प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्ने  व्यवस्था अनुसार मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयको अद्यावधिक विवरण**

२०८२ श्रावण ०१ देखि २०८३ असार मसान्त सम्म




**मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय**
**हेदाङ्नागढी, संखुवासभा**

*सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पन्न गरिएका कामहरु दफा ५ को उपदफा ३ र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक निकायले प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्ने व्यवस्था अनुसार मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयको अद्यावधिक विवरण*

*अवधि:* २०८२ श्रावण ०१ देखि २०८३ असार मसान्त सम्म

**१. निकायको स्वरुप र प्रकृति**

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम स्थापित

- संघीय सरकार अन्तर्गतको कार्यालय

- संखुवासभा र सोलुखुम्बु जिल्लामा कार्यक्षेत्र फैलिएको

- वरिष्ठ संरक्षण अधिकृत (वार्डेन) को नेतृत्व रहने

**२. निकायको काम कर्तयव्य र अधिकार**

- वन्यजन्तुको नियमित अनुगमन गर्ने

- वन्यजन्तुको वैज्ञानिक व्यवस्थापन गर्ने

- वन्यजन्तु चोरी शिकारी, अवैध वनपैदावार तथा आखेटोपहारको संकलन, वेचविखन सम्बन्धि मद्दाको अनुसन्धान तथा तहकिकात गर्ने

- मध्यवर्ती क्षेत्र व्यवस्थापन तथा स्थानीय जनसमुदायको जीवनस्तरमा सुधार गर्ने

- निकुञ्ज क्षेत्र भित्र पर्यापर्यटन प्रवर्द्धन तथा नियमन गर्ने

- वन तथा वन्यजन्तु, जैविक विवधता, जलाधार, संरक्षण शिक्षा, जनचेतना र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने

- मानव वन्यजन्तु द्धन्द न्यूनीकरण सम्बन्धी कार्य गर्ने

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

**३.१ मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयको स्वीकृत दरबन्दी विवरण**

| क्र. सं. | पद | श्रेणी | सेवा समुह | स्वीकृत दरबन्दी | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ संरक्षण अधिकृत | रा.प. द्धितीय (प्रा.) | वन /ने.पा.वा.ला | १ | ० | |
| २ | संरक्षण अधिकृत | रा.प. तृतीय (प्रा.) | वन /ने.पा.वा.ला | ५ | १ | १ जना अध्ययन विदा / २ जना काजमा |
| ३ | रेञ्जर | रा.प. अनं. प्रथम (प्रा.) | वन /ने.पा.वा.ला | १० | १ | लोक सेवा आयोगमा माग गरिएको |
| ४ | लेखापाल | रा.प. अनं. प्रथम (अ.प्रा) | प्रशासन/लेखा | १ | ० | |
| ५ | नायव सुब्बा | रा.प. अनं. प्रथम (अ.प्रा) | प्रशासन/सा.प्र | १ | ० | |
| ६ | नायव सुब्बा | रा.प. अनं. प्रथम (अ.प्रा) | न्याय/कानुन | १ | ० | |
| ७ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम (प्रा.) | विविध | १ | १ | |
| ८ | पशु स्वास्थ्य प्राविधिक | रा.प. अनं. प्रथम (प्रा.) | कृषि/भेटेनरी | १ | १ | लोक सेवा आयोगमा माग गरिएको |
| ९ | नायब प्राविधिक सहायक | रा.प. अनं. द्धितीय (प्रा.) | कृषि/एगृ. एक्सटेन्सन | १ | १ | लोक सेवा आयोगमा माग गरिएको |
| १० | सिनियर गेमस्काउट | रा.प. अनं. द्धितीय (प्रा.) | वन /ने.पा.वा.ला | १५ | २ | |
| ११ | खरिदार | रा.प. अनं. द्धितीय (अ.प्रा) | प्रशासन/सा. प्र | १ | ० | |
| १२ | गेमस्काउट | श्रेणी विहिन | वन /ने.पा.वा.ला | ४५ | १३ | |
| १३ | हलुका सवारी चालक | श्रेणी विहिन | इञ्जिनियरिङ/मेकानिकल | १ | ० | |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन/सा.प्र | १ | ० | |
| | | | **जम्मा** | ८५ | २० | |

## ३.२ कार्य विवरण

### १. वरिष्ठ संरक्षण अधिकृतको कार्य विवरण

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र अन्तर्गतका नियमावलीहरु बमोजिम जैविक विधवता संरक्षण सम्बद्ध काम गर्ने गराउने।

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको आवधिक व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि विभागमा पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने गराउने।

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सरोकारवाला सरकारी र गैर-सरकारी निकायहरु तथा स्थानीय वासिन्दाहरुसँग समन्वय गर्ने

गराउने।

- मध्यवर्ती क्षेत्र व्यस्थापन समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने।

- नियमित प्रशासनिक तथा आर्थिक राजस्व संकलन, दाखिला लगायतका कार्यहरुको प्रबन्ध गर्ने गराउने।

- चोरी शिकारी नियन्त्रण अपराधको अनुसन्धान, मुद्धा फैसला गर्ने गराउने।

- जैविक विवधताको अध्ययन अनुसन्धान गर्ने गराउने।

- महासन्धि सम्झौता, समझदारी कार्यान्वयन गर्ने गराउने।

- अनुगमन, निरिक्षण तथा रिपोर्टिङ आदि कार्य गर्ने गराउने।

- नेपाल सरकारबाट तोकिएका अन्य कार्य गर्ने गराउने।

- यस पदसँग तोकिएका अन्य आवश्यक कामहरु गर्ने गराउने।

### २. संरक्षण अधिकृतको कार्य विवरण

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र अन्तर्गत नियमावलीहरु बमोजिम जैविक विवधता संरक्षण सम्बद्ध काम गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने।

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको आवधिक व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि विभागमा पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने।

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सरोकारवाला सरकारी र गैर सरकारी निकायहरु तथा स्थानीय वासिन्दाहरुसंग समन्वय गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने।

- मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने।

- नियमित प्रशासनिक तथा आर्थिक राजस्व संकलन, दाखिला लगायतका कार्यहरुको प्रबन्ध गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने।

- चोरी शिकारी नियन्त्रण, अपराधको अनुसन्धान, मुद्दा फैसला गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने।

- अनुगमन, निरिक्षण तथा रिपोर्टिङ आदि कार्य गर्न वरिष्ठ संरक्षण अधिकृतलाई सहयोग गर्ने ।

- यस पदसँग सम्बन्धित अन्य आवश्यक कामहरु गर्ने गराउने ।

**३. मध्यवर्ती तथा अनुगमन शाखा**

- जैविक विवधता संरक्षणका लागि सूचना केन्द्रका व्यवस्थापन, जनचेतना अभिवृद्धि गर्ने सामाग्रीहरु तयारी, प्रकाशन र प्रसारण गर्ने ।

- सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी कार्यालय प्रमुख समक्ष प्रतिवेदन गर्ने ।

- चलचित्र, डकुमेन्ट्री छायाँकन सहजीकरण एवम् अनुगमन गर्ने ।

- टुहुरा, अनाथ, असाहय, अपांग वन्यजन्तु व्यवस्थापन गर्ने ।

- मध्यवर्ती क्षेत्रहरुको व्यवस्थापन योजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन गर्ने ।

- मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति उपभोक्ता समिति, समूह, उपसमिति र मध्यवर्ती वन उपभोक्ता समूहहरु गठन विवरणहरु अद्यावधिक गर्ने ।

- मध्यवर्ती क्षेत्रमा सञ्चालन हुने संरक्षण विकास आयमूलक र संरक्षण शिक्षा सम्बन्धी कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने ।

- मध्यवर्ती क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरुसंग सम्पर्क र समन्वय गरी कार्य सञ्चालन गर्ने ।

- नदी कटान, वन्यजन्तुबाट भएको क्षतिको विवरण अद्यावधिक गर्ने तथा क्षतिपूर्ति र राहतको सिफारिस गर्ने ।

**३. योजना फाँट**

- निकुञ्जको योजना तथा कार्यक्रमहरु तयार गर्ने स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

- सञ्चालित कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगति विवरणहरु तयार गरी सम्बन्धीत निकायमा पठाउन कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

- निकुञ्ज भित्र दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरुको अनुसन्धान गर्ने, प्रगति विवरण तयारी, रिपोर्टिङ गर्ने ।

- निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र सञ्चालन हुने सेवा तथा सो को व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।

- कर्मचारीको क्षमता, दक्षता र सीप विकासका लागि तालिम, गोष्ठी जस्ता कार्यक्रमको लागि पहल तथा सञ्चालन गर्ने ।

- फाँटलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

**४. मुद्दा तथा अपराध नियन्त्रण फाँट**

- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रहरुमा हुने चोरी शिकारी नियन्त्रणको लागि आवश्यक योजनाहरुको तर्जुमा, कार्यान्वयन, सुराकी सञ्जाल निर्माण तथा परिचालन गर्ने ।

- सरोकारवाला संघ संस्था तथा निकायहरुसंग सम्पर्क र समन्वय गर्ने साथै सूचना आदान प्रदानको संयन्त्रको निर्माण तथा विकास गर्ने ।

- चोरी शिकारीहरुको पहिचान, पक्राउ, मुद्दा दायर अभिलेख तथा आवश्यक तथ्यांकहरु अद्यावधिक गर्ने चोरी शिकारी सम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।

- पक्राउ भई आएका थुनुवाहरुको स्वास्थ्य परीक्षण गराउने ।

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र अन्तरगतका नियम बमोजिम चोरी शिकारमा संलग्न व्यक्तिहरुलाई दण्ड सजायको लागि यथाशिघ्र मुद्दा अनुसन्धान तहकिकात, मुद्दा दायर, प्रमाण संकलन, वयान थुनुवाहरुको स्वास्थ्य परीक्षण, हिरासत व्यवस्थापन लगायतका कानुनी कारवाही गर्ने ।

- अदालतबाट नजिर कायम हुने निर्णयहरुको लगत राखी विवरण अद्यावधिक गर्ने र व्याख्या भएका वा राय उल्लेख भई आएका निर्णयहरुका अभिलेख उतार गरी राख्ने ।

- मुद्दाको अभिलेख तथा आवश्यक तथ्यांकहरु अद्यावधिक गर्ने ।

- फैसला भएका मुद्दाहरुको कैद र जरिवानाहरुको लगत राखी असुल तहसिल गर्ने र मुद्दाहरु प्रतिरक्षा गर्न प्रमाणहरु जुटाउने ।

- फाँटलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

**५. प्रशासन फाँट**

- कर्मचारी प्रशासन सम्बन्धी हाजिर, विदा, सरुवा, बढुवा, रमाना, वैयक्तिक विवरण अद्यावधिक गर्ने विभागीय कारवाही लगायतका सम्पूर्ण कार्यहरु गर्ने ।

- जिन्सी सामान खरिद, वितरण, आम्दानी खर्चको अभिलेख, जिन्सी निरीक्षण, मर्मत, सम्भार आदि कार्य गर्ने ।

- कार्यालय/सेक्टर/ प्रवेशद्धार/पोष्ट भवनहरुको अभिलेख राख्ने र सुरक्षाको प्रवन्ध गर्ने ।

- कार्यालयको आन्तरिक प्रशासन (धारा, पानी, विजुली, टेलिफोन जडान मर्मत) लगायतका कार्यहरु गर्ने ।

- सेक्टर/ रेञ्जपोष्ट/प्रवेशद्धार र पोष्टहरुमा जनशक्ति खटाउन सिफारिस गर्ने । खटिएका कर्मचारीहरुको अनुगमन, निरिक्षण गरी प्रतिवेदन पेश गर्ने ।

- फाँटलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

**६. लेखा फाँट**

- बजेट तर्जुमा कार्यमा सहयोग गर्ने र स्वीकृत बजेट नियमानुसार निकासा लिने ।

- कर्मचारीहरुको तलव, भत्ता, राशन, पोशाक समयमै उपलब्ध गराउने नियमानुसार कर कट्टी गर्ने र दाखिला गराउने ।

- आर्थिक कारोवारको अभिलेख अद्यावधिक गर्ने र आर्थिक प्रशासनको विषयमा माग बमोजिम राय पेश गर्ने नियमित रुपमा तालुक निकायमा प्रतिवेदन पठाउने ।

- आर्थिक कारोवार सम्बन्धी सम्पूर्ण स्याहा स्रेस्ता दुरुस्त राख्ने ।

- आन्तरिक तथा वाह्य लेखापरीक्षण गर्ने गराउने र लेखावपरीक्षणबाट देखिन आएका बेरुजुहरु सम्मपरीक्षण गर्ने गराउने नियमानुसार फर्छौट गर्ने गराउने ।

- फाँटसंग सम्बन्धित पत्रहरु तयार गरने अभिलेख दुरुस्त राख्ने ।

- फाँटलाई निर्दिष्ट गरिएका अन्य कार्यहरु गर्ने ।

**४. हलुका सवारी चालक**

- सवारी चलाउनु अघि आवश्यक इन्धन, मोविल, पानि आदि र टायरहरुमा हावा पर्याप्त भए नभएको चेक गर्ने । वाहनको मेशिनरी अवस्थाको सामान्य अवस्था चेक गरी सन्तोषजनक भएमा मात्र गन्तव्य स्थानहरुमा जान यात्रा गर्ने ।

- निर्देशन बमोजिम सवारी साधनहरु र आवश्यकतानुसार अन्य वाहनहरु सवारी नियमको पूर्ण पालन गरी समयमै चलाई सुरक्षित रुपमा गन्तव्य स्थानसम्म पुर्याउने ।

- आफूले चलाई रहेको सवारी साधनमा टायर फेर्नु पर्ने वा इन्जिन मर्मत गर्नु परेमा सो को जानकारी गराई आदेश तथा स्वीकृत बमोजिमको कार्यहरु सम्पादन गर्ने गराउने ।

- सवारीको लगबुक व्यवस्थापन गर्ने ।

- मातहत सवारीको स्याहार, संभार, मर्मत र संरक्षण गर्ने गराउने ।

- यस पदको लागि निर्दिष्ठ गरिएको अन्य कार्यहरु गर्ने ।

**५. कार्यालय सहयोगी**

- कार्यालयका शाखा तथा फाँटमा आफु भन्दा माथिका कर्मचारीले अह्राएका काम गर्ने ।

- चिठ्ठी पत्र तथा फाइल कागजात ओसारपसारमा सहयोग पुर्याउने एवम् अन्य कार्यालयमा पुर्याउनु पर्ने चिठ्ठी पत्रहरु समयमै पुर्याउने ।

- कार्यालय बन्द भए पछि सबै कोठाहरु चेक गरी वत्ति, हिटर र अन्य यन्त्र उपकरणहरु निभाउने वा बन्द गर्ने ।

- कार्यालय कक्षहरु, वरण्डाहरु, भर्याङहरु, कार्यालयको प्राङ्गण, बाटो, बगैंचामा समेत दैनिक सरसफाई कार्य गर्ने ।

- यस पदको लागि निर्दिष्ठ गरिएको अन्य कार्यहरु गर्ने ।

**४. निकायबाट प्रदान गरिने सेवा**

- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण

- निकुञ्ज क्षेत्रबाट वन पैदावारको संकलन तथा स्थानान्तरण अनुमतिपत्र जारी

- निकुञ्ज क्षेत्र भित्र मानिस सवारी साधन तथा हेलिकोप्टर ल्याण्डिङ/ Hovering, चलचित्र छायाँकन, माछा मार्ने, क्याम्पिङ गर्ने जस्ता कार्यहरुका लागि अनुमतिपत्र जारी

- ड्रोन उडान सम्बन्धी कार्यको अनुगमन

- मध्यवर्ती क्षेत्र व्यवस्थापनको लागि उपभोक्ता समिति, मध्यवर्ती सामुदायिक वन, धार्मिक वन गठन तथा दर्ता

- पर्यापर्टन, विकास, जैविक विवधता, कर्मचारी दरबन्दी, मुद्दा तथा संकलित राजस्व सम्बन्धी जानकारी

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

| क्र.सं. | सेवा | शाखा/फाँट | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | वन्जन्तुबाट भएको क्षतिको राहत वितरण | मध्यवर्ती तथा अनुगमन | सं.अ. संस्कार सुवेदी + रे. लाकपद राई |
| २ | निकुञ्ज क्षेत्रबाट वन पैदावारको संकलन तथा स्थानान्तरण अनुमतिपत्र जारी | मध्यवर्ती तथा अनुगमन | सं.अ. संस्कार सुवेदी + रे. लाकपद राई |
| ३ | अनुमति प्राप्त ड्रोन उडान अनुगमन | मध्यवर्ती तथा अनुगमन | सं.अ. संस्कार सुवेदी + रे. लाकपद राई |
| ४ | मध्यवर्ती वन उपभोक्ता समिति तथा सामुदायिक वन गठन तथा दर्ता | मध्यवर्ती तथा अनुगमन | सं.अ. संस्कार सुवेदी + रे. लाकपद राई |
| ४ | निकुञ्ज प्रवेश तथा अन्य तोकिएको गतिविधिको अनुमति | योजना | रे. लाकपद राई |
| ५ | मुद्दा, वन्यजन्तु अपराध अनुसन्धान, तहकिकात सम्बन्धी जानकारी | मुद्दा तथा अपराध अनुसन्धान | ना.सु. सुशिल सिटौला |
| ६ | कर्मचारी दरबन्दी तथा कर्मचारी प्रशासन सम्बन्धी जानकारी | कर्मचारी प्रशासन | ना.सु. हिमराज तामाङ |
| ७ | विकास निर्माण, बजेट तथा भुक्तानी सम्बन्धी जानकारी | लेखा | लेखापाल होमनाथ निरौला |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

| क्र.सं. | सेवा | दस्तुर | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण | नि:शुल्क | करिब १ महिना | |
| २ | निजी आवादीको वन पैदावार संकलन तथा स्थानान्तरणको अनुमतिपत्र जारी | वन पैदावारको सरकारी राजस्व बमोजिम १३ प्रतिशत भ्याट रकम | करिब १ हप्ता | |
| ३ | मध्यवर्ती क्षेत्र सामुदायिक वनको जडीबुट्टी संकलन तथा ओसारपसार अनुमतिपत्र जारी | प्रचलित ऐन नियममा तोकिए बमोजिमको रकम | करिब १ हप्ता | |
| ४ | निकुञ्ज प्रवेश अनुमति पत्र जारी | नेपाली नागरिकको लागि रु. १००/- प्रतिजना प्रति पटक<br>सार्क मुलुकका नागरिक रु. १,५००/- प्रति जना प्रति पटक<br>अन्य विदेशी नागरिक रु. ३,०००/- प्रति जना प्रति पटक<br>सवारी साधन प्रवेश शुल्क रु. ३००/- प्रति सवारी प्रति पटक | तत्काल | |
| ५ | माछा मार्न अनुमति पत्र जारी | नेपाली नागरिकको लागि रु. ३००/- प्रति व्यक्ति प्रति दिन<br>सार्क मुलुकका नागरिक रु. १,५००/- प्रति व्यक्ति प्रति दिन<br>अन्य विदेशी नागरिक रु. ३,०००/- प्रति व्यक्ति प्रति दिन | तत्काल | |

| | | | | |
|---|---|---|---|---|
| ६ | निकुञ्ज क्षेत्र भित्र हेलिकोप्टर अवतरण/ Hovering | रु. ३,०००/- प्रति अवतरण | तत्काल | |
| ७ | चलचित्र छायाँकनअनुमति | नेपाली नागरिक रु. १०,०००/-<br>सार्क मुलुकका नागरिक रु. ५०,०००/-<br>अन्य विदेशी नागरिक $ १५० US डलर बराबर हुने नेपाली रुपैंया | तत्काल | ड्रोनबाट छायाँकन गर्दा उल्लेखित शुल्कमा थप २५ प्रतिशत शुल्क लाग्ने छ। |
| ८ | निकुञ्ज क्षेत्र भित्र क्याम्पिङ अनुमति | नेपाली नागरिकको लागि रु. ३००/- प्रति व्यक्ति प्रति रात<br>सार्क मुलुकका नागरिक रु. ७५०/- प्रति व्यक्ति प्रति रात<br>अन्य विदेशी नागरिक रु. १५००/- प्रति व्यक्ति प्रति रात | तत्काल | |
| ९ | पर्यापर्यटन, विकास, जैविक विवधता, कर्मचारी दरबन्दी, मुद्दा तथा संकलित राजस्व सम्बन्धी जानकारी | नि:शुल्क | तत्काल | |

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी**

- सम्बन्धीत निकायमा बुझनु पर्ने भएमा बुझने
- फाँटबाट टिप्पणी उठान गर्ने
- संरक्षण अधिकृतले राय पेश गर्ने
- वरिष्ठ संरक्षण अधिकारीले निर्णय गर्ने

**८. निर्णय उपर उजुरी सन्ने अधिकारी**

- फाँटवाला, संरक्षण अधिकृत उपरको भए वरिष्ठ संरक्षण अधिकृत
- वरिष्ठ संरक्षण अधिकृत उपर भए कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय/ वन तथा वातावरण मन्त्रालय
- कानुन बमोजिम पुनरावेदन तोकिएको भए सोही बमोजिम

**९. सम्पादन गरेको कामको विवरण**

**मध्यवर्ती तथा अनुगमन शाखा**

| क्र. सं. | विवरण | आ व २०८२/०८३ को जम्मा रु | कैफियत |
|---|---|---|---|
| १ | वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण | १६,७७,००० | |
| २ | राजश्व संकलन | ८४६५४८० | |
| ३ | पर्यटक विवरण | नेपाली सार्क राष्ट्र अन्य विदेशी: ३२२७ | |

**मुद्दा फाँट**

| क्र. सं. | विवरण | २०८३ असार मसान्त सम्मको | कैफियत |
| --- | --- | --- | --- |
| १ | दायर गरिएको मुद्दा संख्या (वन) | | |
| | फैसला भएको मुद्दा संख्या (वन) | | |
| २ | दायर गरिएको मुद्दा संख्या (वन्यजन्तु) | १ | |
| | फैसला भएको मुद्दा संख्या (वन्यजन्तु) | | |

**कर्मचारी प्रशासन फाँट**

| क्र. सं. | विवरण | २०८३ असार मसान्त सम्मको जम्मा | कैफियत |
| --- | --- | --- | --- |
| १ | अनिवार्य अवकाश | २ | |
| २ | वन्यजन्तु चोरी शिकारी नियन्त्रणका गस्ती सञ्चालन (गस्ती संख्या) | १२ | श्री रणदल गुल्म संग समन्वय गरिएको |
| ३ | विभागीय कारवाहीका लागि सिफारिस संख्या | ० | |

**१०.सूचना अधिकारी र प्रमुखको नाम र पद**

<u>सूचना अधिकारी</u>
संरक्षण अधिकृत: श्री संस्कार सुवेदी (सम्पर्क नम्बर ९८५२००४५८५)
<u>कार्यालय प्रमुख</u>
वरिष्ठ संरक्षण अधिकृत: श्री राजु घिमिरे (सम्पर्क नम्बर ९८५२०५८४०१)

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि

राष्ट्रिय निकुञ्ज कार्यालयबाट धेरै ऐन, नियम, निर्देशिका अनुसार कार्य सम्पादन गर्नु पर्ने भएता पनि मुख्य मुख्य ऐन, नियम, निर्देशिकाहरुको सूचि निम्नानुसार रहेका छन् ।

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- वातावरण संरक्षण नियमावली, २०७७
- वन नियमावली, २०७९
- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०
- मानवरहित हवाई उपकरण [REMOTELY PILOTED AIRCRAFT(RPA)] POPULARLY KNOWN AS 'DRONE' उडान सम्बन्धी कार्यविधि,२०७५

## १२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| ब.शि.नं. | वार्षिक बजेट | २०८३ असार मसान्तसम्मको खर्च | कैफियत |
|---|---|---|---|
| राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण आयोजना | ६,७६,७४,६६८ | ५,६७,४१,९९० | |
| राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | ९,००,००० | ८,९८,३८० | |

## १३. तोकिए बमोजिमका अन्य विवरण

### (ख) सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण

यस निकुञ्ज कार्यालयको वेभसाईट https://makalu.dnpwc.gov.np रहेको छ भने ईमेल ठेगाना makalubarun1991@gmail.com रहेको छ ।

(ग) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :- छैन